आज मिति २०७७ साल असोज ०९ गते शुक्रबारका दिन दिउसो १:०० बजे यस बरियारपट्टी गाउँ कार्यपालिकाको अध्यक्ष श्री सन्तोष कुमार महतोज्युको अध्यक्षतामा बसेको बैठकमा तपशिलको महानुभावहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो।

उपस्थिति :

| | | |
|---|---|---|
| १. | अध्यक्ष - | श्री सन्तोष कुमार महतो |
| २. | उपाध्यक्ष - | श्री रेखा कुमारी यादव |
| ३. | वडा अध्यक्ष वडा नं. १ - | श्री नेवालाल यादव |
| ४. | वडा अध्यक्ष वडा नं. २ - | श्री विजय कुमार महतो |
| ५. | वडा अध्यक्ष वडा नं. ३ - | श्री अनन्त लाल यादव |
| ६. | वडा अध्यक्ष वडा नं. ४ - | श्री नबिन कुमार यादव |
| ७. | वडा अध्यक्ष वडा नं. ५ - | श्री ममता कुमारी यादव |
| ८. | कार्यपालिका सदस्य - | श्री सरोज देवी राय |
| ९. | कार्यपालिका सदस्य - | श्री रिता देवी चमार |
| १०. | कार्यपालिका सदस्य - | श्री शान्ति देवी मण्डल |
| ११. | कार्यपालिका सदस्य - | श्री चन्दन कुमार सिंह |
| १२. | कार्यपालिका सदस्य - | श्री सुरेन्द्र ठाकुर |
| १३. | सदस्य सचिब - | श्री रंजित जंग अधिकारी |

निर्णय नं. १ :

प्रस्ताब १ माथि छलफल गर्दा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबार काठमाण्डौको मिति : २०७७/०५/२९ गतेको निर्णयको बुँदा नं. १० को हकमा यस गाउँपालिका भित्र अवस्थित रहेका विद्यालयहरुको सन्दर्भमा कक्षा ६ देखि कक्षा १२ सम्म संचालन गर्ने तथा मिति : २०७७/०६/१५ गते देखि खोली बिद्यालयहरुमा नियमित रुपमा संचालन गर्ने गराउने निर्णय सर्व-सम्मतीले पारित गरियो। यो निर्णयको जानकारी सम्पुर्ण बिद्यालयहरुलाई शिक्षा शाखाले पत्राचार समेत गर्ने।

निर्णय नं. २ :

प्रस्ताव २ माथि छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५१ मिति : २०७७/०५/२३ गते र स्वास्थ्य तथा जन्संख्या मन्त्रालय, निति तथा योजना शाखाको च.नं. १२६ मिति: २०७७/०५/२३ गतेको निर्णय बमोजिम यस गाउँपालिकामा ५ बेडको कोरोना अस्पताल संचालनको लागि बरियारपट्टी गा.पा. वडा नं. ३ को वि. भवन तथा अस्पताल संचालन तथा व्यवस्थापनका लागि १ जना Doctor, २ जना Staff Nurse र १ जना सहयोगी भर्ना गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय सर्व-सम्मतीले पारित गरियो ।

निर्णय नं. ३ :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिको कार्यालय संचालन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबार काठमाण्डौको मिति : २०७७/०५/२९ गतेको निर्णय बमोजिम गर्ने गराउने निर्णय गरियो ।